नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२००५०५, ४२००२९९

फ्याक्स नं.: ४२००३०६

प.स. : २०७९।८०

च.नं. ३०८

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

मिति – २०७९/०८/२८

विषयः रा.प. अनं. द्वितिय खरिदार वा सो सरहको कर्मचारीको सरुवा तथा पदस्थापन सम्बन्धमा ।

**श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै),**

यस मन्त्रालयबाट निजामती कर्मचारीहरूको सरुवा तथा पदस्थापन सम्बन्धी कार्यहरु प्रचलित कानुन बमोजिम हुँदै आएको छ । सो सम्बन्धमा लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम राजपत्र अनंकित खरिदार वा सो सरहको पदहरूमा विज्ञापन प्रकाशित हुने (खुल्ला प्रतिस्पर्धा तथा बढुवा) समयको तत्काल अगाडि लामो समयदेखि सुगम स्थानमा रही कामकाज गरिरहेका कर्मचारीहरु बढुवा प्रयोजनको लागि मात्र दुर्गम स्थानका निकायहरुमा सरुवा भई जाने क्रम देखिएको र सोको लागि विभिन्न निकायहरुबाट सरुवा सहमति समेत माग भई आउने गरेको पाईएको छ । यसरी बढुवा सूचना प्रकाशित हुनुभन्दा तत्काल अगाडि सरुवा गरी पठाउँदा लामो समयदेखि दुर्गम स्थानमा बसी सेवा गरि आएका कर्मचारीहरुलाई बढुवा प्रयोजनार्थ मर्का पर्ने भनी विभिन्न सरोकारवाला पक्षबाट गुनासो आएको हुँदा राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहको पदको कुनै पनि निकायमा सरुवा/पदस्थापन गर्ने तथा सरुवा सहमति प्रदान गर्ने कार्य यही मिति २०७९ साल फाल्गुन मसान्त सम्मको लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यस मन्त्रालयको मिति २०७९/०८/२७ गतेको निर्णयानुसार अनुरोध छ ।

२०७९/८/२८

(अनुज घिमिरे)

शाखा अधिकृत

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनुहुन ।